सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश डा.श्री नहकुल सुवेदी
माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल
०७८-DF-०००९
मुद्दाः- अंश चलन।

| | |
|---|---|
| झुलानाथ उप्रेतीको छोरी, नवराज पराजुलीकी पत्नी, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका वडा नं. १६, हाल परिवर्तित वडा नं. १ बस्ने शशी पराजुली उप्रेती ......१ | पुनरावेदक प्रतिवादी |
| विरुद्ध | |
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४ हालको वडा नं. ३१ बस्ने राहुल पराजुली ......१ | प्रत्यर्थी |
| भरत बस्नेतकी छोरी, ऐ.ऐ. बस्ने तुलसा बस्नेत ......१ | वादी |

०७८-DF-००१०

| | |
|---|---|
| गणेशबहादुर पराजुलीको नाति, कृष्णराम पराजुलीको छोरा, साबिक काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ कोटेश्वर घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका वडा नं. १६, हाल वडा नं. १ बस्ने नवराज पराजुली ......१ | पुनरावेदक प्रतिवादी |
| विरुद्ध | |
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४ नयाँ बानेश्वर बस्ने राहुल पराजुली ......१ | प्रत्यर्थी |
| भरत बस्नेतकी छोरी ऐ.ऐ. बस्ने तुलसा बस्नेत पराजुली ......१ | वादी |

## सुरु तहको फैसलाको विवरण

सुरु फैसला गर्ने न्यायाधीशः माननीय जिल्ला न्यायाधीश श्री दुर्गाप्रसाद ढुङ्गेल

सुरु तहमा फैसला गर्ने अदालतः काठमाडौं जिल्ला अदालत

सुरु तहको फैसला मितिः २०७३।३।६

सुरु तहको मुद्दा नम्बरः ०७०-CP-३५२१

## पुनरावेदन तहको फैसलाको विवरण

पुनरावेदन तहमा फैसला गर्ने न्यायाधीशहरुः माननीय न्यायाधीश श्री रेवन्तबहादुर कुँवर
मानननीय न्यायाधीश श्री कृष्णबहादुर थापा

पुनरावेदन तहमा फैसला गर्ने अदालतः उच्च अदालत पाटन

पुनरावेदन तहको फैसला मितिः २०७५।३।३१

पुनरावेदन तहको मुद्दा नम्बरः ०७३-DP-१०७९, ०७३-DP-११८६

उच्च अदालत पाटनको मिति २०७५।३।३१ को फैसलाउपर प्रतिवादीहरुका तर्फबाट न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१)(क)(ख) बमोजिम यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी परेको निवेदनमा यस अदालतबाट दोहोऱ्याई हेर्ने अनुमति प्रदान भै संयुक्त इजलाससमक्ष पेस भएकोमा सो इजलासबाट मिति २०७८।९।३० मा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम पूर्ण इजलाससमक्ष पेस गर्नु भन्ने आदेशबमोजिम पूर्ण इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## मुद्दाको तथ्यगत बेहोरा

१. विपक्षीहरु भगवती पराजुली हामीहरुको हजुरआमा तथा सासु, प्रल्हाद पराजुली र प्रकाश पराजुली हामीहरुको काका तथा देवर, शशी पराजुली उप्रेती सौतेनी आमा तथा सौता र नवराज पराजुली हामीहरुको पिता तथा पति नाताका हुन्। परिवारमा अंश गर्नुपर्ने मूल अंशियारहरुमा भगवती पराजुली, नवराज पराजुली, प्रल्हाद पराजुली र प्रकाश पराजुली गरी ४ अंशियार हौं। मूल अंशियारहरु तथा हामीहरु बिच हालसम्म अंशबण्डा भएको छैन। विपक्षी पति नवराज पराजुलीसँग मेरो मिति २०५४ सालमा प्रेम विवाह भई मिति २०५५।१।२७ मा छोरा राहुल पराजुलीको जन्म भएको थियो। घर परिवारको मञ्जुरी बिना विवाह

गरेकोले विवाह भएको केही समय डेरीमा बसे तापनि छोरा राहुलको जन्म भएपश्चात् पतिकै घरमा गई बस्न थाल्यौं। घरमा बसेको केही समयपछि विपक्षीहरुले एकमुख भई मलाई गालीगलौज गर्ने, कुटपिट गर्ने जस्ता अमानवीय व्यवहार गरी घरमा गएको १ वर्ष ६ महिनापछि विपक्षीहरुले म तथा मेरो नाबालक छोरा राहुल पराजुलीलाई घरबाट निकाला गर्नुभयो। घरबाट निकाला गरेपछि हामीहरु माइती/मावलीको सहयोगमा छुट्टै डेरा गरी बसेका छौं। विपक्षी पति तथा पिताले म एक पत्नी हुँदाहुँदै विपक्षी मध्येकी शशी पराजुलीलाई अर्को विवाह गरी सौता हाल्नु भयो। यसरी विपक्षी शशीलाई सौता हालेपछि सम्पूर्ण परिवार मिली मलाई सम्बन्ध विच्छेद गर्न दबाबसमेत दिएका थिए। अतः हामीहरुलाई विपक्षीहरुले इज्जत आमद अनुसार खान, लगाउन र पैत्रिक सम्पत्ति उपयोग गर्न नदिएको हुँदा हामी फिरादीहरुलाई अंश दिलाई भराई चलनसमेत चलाई पाउँ भन्नेसमेत बेहोराको **वादीहरु राहुल पराजुली र तुलसा बस्नेत पराजुलीको मिति २०७१।२।२५ गतेको फिरादपत्र।**

२. फिरादपत्रमा उल्लेख भएका सम्पूर्ण घटनाक्रम तथा बेहोरा झुट्टा हुन्। प्रतिवादी मध्येका नवराज पराजुलीको एक मात्र विवाह यसै मुद्दाको अर्का प्रतिवादी शशी उप्रेतीसँग २०५९ सालमा भएको हो। उनीहरुको दाम्पत्य जीवनबाट ३ छोराहरु जेठो अङ्कित, माइलो अमूल्य र कान्छो छोरा पाँच महिनाको बच्चा रहेको छ। प्रतिवादी नवराज पराजुलीसँग वादीको कुनै पति पत्नीको सम्बन्ध नै नरहेको र पत्नी तथा छोराको नाता नै नभएको व्यक्तिबाट प्रस्तुत झुट्टा मुद्दा दायर भएको र हामी प्रतिवादीहरुसँग प्रतिवादी नवराज पराजुलीले मिति २०६७।१०।३ मा अंशबण्डा गरी अंश हक छुट्याई भिन्न भई बसी आएको छौं। यसरी भिन्न भई बसी आएको अंशियार नवराज पराजुलीको तथाकथित झुट्टा अंशियारको रुपमा हामी उपर समेत दायर गरेको प्रस्तुत मुद्दा षडयन्त्रपूर्वक र बदनियतपूर्वक रहेको हुँदा फिराद दाबी खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **प्रतिवादीहरु भगवती पराजुली, प्रल्हाद पराजुली र प्रकाश पराजुली समेतको मिति २०७१।५।१० गतेको प्रतिउत्तरपत्र।**

३. वादीले झुट्टा उजुरीका आधारमा म प्रतिवादी मध्येको नवराज पराजुलीलाई मिति २०७१।२।१६ गतेका दिन गैरकानूनी पक्राउ गर्न लगाई, वादीले निजको छोराको नाता कायम गर्न लगाई नागरिकता प्रदान गराई पाउन जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा

दिएको गैरकानूनी निवेदनको आधारमा प्रहरीद्वारा गैरकानूनी रुपमा पक्राउ गर्न खोजिएको कार्यउपर मिति २०७१।२।२३ का दिन पुनरावेदन अदालत पाटनमा निषेधाज्ञा मुद्दा दायर गरेकोमा उक्त मुद्दामा हालसम्म अन्तरिम आदेश भई विचाराधीन रहेको छ। उक्त मुद्दाको तथ्य समेतलाई प्रस्तुत मुद्दाको अभिन्न अंगको रुपमा लगाई पाऊँ। फिरादपत्रमा उल्लेख भएका सम्पूर्ण घटनाक्रम तथा बेहोरा झुट्टा हुन्। म प्रतिवादी मध्येको नवराज पराजुलीको एक मात्र विवाह यसै मुद्दाको अर्का प्रतिवादी शशी उप्रेतीसँग मिति २०५९ सालमा भएको हो। हामीहरुको दाम्पत्य जीवनबाट ३ छोराहरु जेठो अङ्कित, माइलो अमूल्य र कान्छो छोरा पाँच महिनाको बच्चा रहेको छ। म प्रतिवादी मध्येको नवराज पराजुलीसँग वादीको पति पत्नीको सम्बन्ध रहेको छैन र विवाहसमेत भएको छैन। पत्नी तथा छोरा नै नभएको व्यक्तिहरुबाट प्रस्तत मुद्दा दायर भएको अवस्था हुँदा तथा निजहरुसँग विवाहित जीवन नै व्यतित नभएको अवस्थामा अंश दिने भन्ने प्रश्न नै उठ्न सक्दैन। तसर्थ वादीको झुट्टा फिराद दाबी खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **प्रतिवादी शशी पराजुली र नवराज पराजुलीको मिति २०७१।५।१० को प्रतिउत्तरपत्र।**

४. वादी तुलसा पराजुली र प्रतिवादी नवराज पराजुलीबिच मिति २०५४ सालमा विवाह भई एक छोरा राहुल पराजुलीको मिति २०५५।१।२७ मा जन्म भएको हो। वादीलाई खानलगाउन नदिई घरबाट निकाला गरेकोले वादीले अंश मुद्दा दायर गरेको हो। वादीले प्रस्तुत मुद्दामा ४ भागको २ भाग अंश पाउनुपर्छ। पिता नवराज पराजुलीको नामबाट अस्पतालको Birth Certificate समेत पेस गरेको छु। साथै स्कूलको चारित्रिक प्रमाणपत्रसमेत प्रमाण लगाई पाउँ, गाउँ सर्जमिनसमेत बुझी पाउँ भन्नेसमेत बेहोराको अ.बं. ८० नं. बमोजिम **वादीको वारेस शिवु आचार्यले मिति २०७१।१०।२५ गते गरेको बयान।**

५. वादी प्रतिवादीबिच कुनै किसिमको नाता छैन। नाता नभएको हुँदा अंश दिनुपर्ने होइन। D.N.A परीक्षण गराई पाउँ भन्नेसमेत बेहोराको अ.बं. ८० नं. बमोजिम प्रतिवादी नवराज पराजुली समेतको **वारेस कमलेशकुमार यादवले गरेको बयान।**

६. म आमा भगवती पराजुली, जेठो छोरा नवराज पराजुली, माइला प्रल्हाद पराजुली र कान्छा प्रकाश पराजुली गरी जम्मा ४ जनाको परिवार हो। हामीहरुबिच मिति २०६७।१०।२ मा अंशियारहरुबिच मिलापत्र भइसकेको छ। वादी मेरो कुनै नाताको व्यक्तिको होइन

भन्नेसमेत बेहोराको अ.बं. ८० नं. बमोजिम **प्रतिवादी भगवती पराजुली समेतको वारेस महादेव पण्डितले गरेको बयान।**

७. फिरादी तुलसा पराजुली र प्रतिवादी नवराज पराजुलीलाई मैले बेचेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ चाबहिलको घरको १ कोठा भाडामा दिएको थिएँ। लगभग १ वर्ष जति भाडामा बसेका थिएँ। २०५४/२०५५ सालतिर भाडामा बसेको घरमा नै छोरा राहुल पराजुलीको जन्मसमेत टिचिङ्ग अस्पतालमा म आफैं भई लगेको थिएँ। विवाह, कहिले भएको हो, थाहा भएन। बच्चा जन्मेपछि उसको फुपुले घर लगेर गएको हो भन्नेसमेत बेहोराको मुलुकी ऐन, अदालती बन्दोवस्तको १३९ नं. बमोजिम बुझिएकी **मेनुका सापकोटा सिग्देलले गरेको बयान।**

८. जिल्ला अदालतको आदेशानुसार नाता सम्बन्धमा मिति २०७२।१।३ मा भई आएको सर्जमिन मुचुल्का मिसिल सामेल रहेको।

९. वादी तुलसा पराजुली र प्रतिवादी नवराज पराजुलीको मिति २०५३/२०५४ सालतिर विवाह भई उनीहरु श्रीमान् श्रीमती नाताका हुन्। यिनीहरुबाट एक छोराको जन्म भएको छ। त्यसैले वादीले अंश र माना चामल पाउनु पर्छ भन्नेसमेत बेहोराको **वादीको साक्षी अन्जना थापाले गरेको बकपत्र।**

१०. प्रतिवादी नवराज पराजुलीको प्रतिवादी शशी पराजुलीसँग मिति २०५९।६।२ गते विवाह भएको हो। वादी तुलसा बस्नेत प्रतिवादी नवराज पराजुलीकी श्रीमती भएको हामीले देखेको छैन। त्यसैले उनले प्रतिवादीहरुबाट अंश पाउनु पर्ने होइन **भन्नेसमेत बेहोराको प्रतिवादीको साक्षी जानकी नेपालले गरेको बकपत्र।**

११. वादी राहुल पराजुली तुलसा पराजुली र प्रतिवादी मध्येका नवराज पराजुलीबिच लोग्ने स्वास्नी र छोरा नाताको कायम हुने ठहर्छ। वादी प्रतिवादी नाता कायम भैसकेको हुँदा यी वादी प्रतिवादी सगोलको अंशियार रहेको देखिँदा फिराद परेको अघिल्लो दिन अर्थात् मिति २०७१।२।२४ लाई मानो छुट्टिएको मिति कायम गरिदिएको छ। सो मितिसम्मको चल अचल सम्पत्तिको तायदाती फाँटवारी वादी प्रतिवादीबाट पेस गर्न लगाई पेस भएको तायदाती फाँटवारी एक अर्कालाई सुनाई अचल सम्पत्तिको दर्ता स्रेस्ता सम्बन्धित कार्यालयबाट

झिकाई कोर्ट फी वादीबाट दाखिल गर्न लगाई लगाउका मुद्दा साथै राखी नियमानुसार पेस गर्नु भन्ने **मिति २०७२।२।७ काठमाडौं जिल्ला अदालतबाट भएको आदेश।**

१२. आदेशानुसार वादी प्रतिवादीहरुले पेस गरेको छुट्टाछुट्टै तायदाती सुरु मिसिल सामेल रहेको।

१३. DNA परीक्षण अत्यावश्यक नै नदेखिई मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी मध्येका नवराज पराजुली तुलसा बस्नेत पराजुलीका श्रीमान तथा फिरादी राहुल पराजुलीका पिता नाताका रहेको देखियो। प्रतिवादी नवराज पराजुलीले फिरादीहरुलाई इज्जत आमदनुसार खान, लगाउन तथा अध्ययनसमेतको समुचित व्यवस्था गरेको अवस्था देखिएन। फिरादी तथा प्रतिवादीहरु सँगसाथमा रहे बसेको अवस्थासमेत नदेखिँदा वादीहरुले अंश पाउने नै ठहर्न आयो। प्रतिवादीहरु मध्येका भगवती पराजुली, प्रल्हाद पराजुली र प्रकाश पराजुलीले प्रतिउत्तरमा मिति २०६७।१०।२ को बण्डापत्रबाट आफूहरु छुट्टिभिन्न भइसकेको भन्ने देखिएको र उक्त लिखतउपर फिरादीहरुको कुनै उजुर रहे भएको देखिएन। वादीहरुले यी प्रतिवादीहरुसँग समेत अंश माग गरेको देखिँदा यी प्रतिवादीहरु एकासगोलका अंशियार नरही छुट्टिभिन्न भइसकेको पुष्टि हुँदा फिरादीहरुले प्रतिवादी नवराज पराजुलीतर्फबाट मात्र अंश पाउने देखियो। फिरादीहरुले प्रतिवादी नवराज पराजुलीतर्फ ४ अंशियार देखाई ४ भागको २ भाग अंश माग गरेको देखिए पनि प्रतिवादी नवराज पराजुली र शशी पराजुलीले आफूहरुबाट ३ सन्तान छोराहरु रहेको भन्ने प्रतिउत्तरमा उल्लेख गरेको र अन्य प्रतिवादीहरुले समेत सोही मिल्दो बेहोरा उल्लेख गरेको देखिँदा प्रतिवादी नवराज तर्फका हाँगाका ७ अंशियार देखिँदा फिरादीहरुले ७ भागको २ भाग मात्र अंश पाउने ठहर्छ। तायदाती फाँटवारी पेस गर्ने क्रममा फिरादीहरुले आफ्नो नाममा बण्डा लाग्ने कुनै पनि सम्पत्ति नरहेको भनी निवेदन दिएको, प्रतिवादीहरुले आफ्नो नाममा रहेको सम्पूर्ण सम्पत्तिहरु बण्डा नलाग्ने भनी फाँटवारी पेस गरेको देखियो। प्रतिवादी शशी उप्रेती नाम दर्ताको हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका वडा नं. १६ को कि.नं. ३५८ को जग्गा आमा सरस्वती उप्रेतीबाट र.नं. ३८४९ख मिति २०६५।३।२५ मा हालैदेखिको बकसपत्रबाट प्राप्त भएको देखिँदा उक्त जग्गा बकस पाउने शशी उप्रेती फिरादी तुलसा बस्नेतको सौताको रुपमा रहेकी समान पुस्ताका अंशियार भएको र उक्त सम्पत्तिका सम्बन्धमा यिनै फिरादीले दायर गरेको लगाउको जालसाजी मुद्दामा वादी दाबी नपुग्ने गरी आजै फैसलासमेत

भइसकेको र समान पुस्ताको सौताको निजी आर्जनको सम्पत्ति अर्को सौतालाई बण्डा नलाग्ने हुँदा सो जग्गामा फिरादी तुलसा बस्नेत पराजुलीलाई अंश नलाग्ने तर फिरादी राहुल पराजुलीका लागि कि.नं. ३५८ को सम्पत्ति सर्वोच्च अदालतबाट अंश मुद्दामा प्रतिपादित बाबुआमाले आफ्नो जीवनकालमा निजी ज्ञान, सिप, प्रयास वा दान दातव्य वा कुनै बेहोराले प्राप्त भएको भए पनि आफूखुसी गरी बाँकी रहेको सम्पति छोराछोरीको हकमा पैत्रिक सम्पत्ति हुन जाने भन्ने (ने.का.प. २०६६ अंक ९ नि.नं. ८२३१) नजिरको आधारमा कि.नं. ३५८ को जग्गाबाट वादी राहुल पराजुलीले ५ भागको १ भाग अंश पाउने ठहर्छ। प्रतिवादीहरुले तायदाती फाँटवारीमा सबै सम्पत्ति बण्डा नलाग्ने र निजी आर्जन भएको भनी जिकिर लिएको जिकिर पुष्टि हुन सक्दैन। तायदाती फाँटवारीमा उल्लिखित अन्य सम्पत्तिबाट फिरादी राहुल पराजुलीको विवाह खर्च पर सारी फिरादीहरुले ७ भागको २ भाग अंश पाउने ठहर्छ। प्रतिवादी पक्षले तायदाती फाँटवारीमा उल्लेख ऋण साहूका उजुर परेका बखत कानूनबमोजिम हुने नै हुँदा सोतर्फ प्रवेश गरिरहनु परेन। प्रतिवादीहरु भगवती पराजुली, प्रल्हाद पराजुली र प्रकाश पराजुली समेतबाट अंश पाउँ भन्ने र प्रतिवादी नवराज पराजुली हाँगाको सम्पत्तिबाट ४ भागको २ भाग लगाई अंश दिलाई पाउँ भन्ने र कि.नं. ३५८ को जग्गामा फिरादी तुलसा पराजुलीले अंश पाउँ भन्ने हदसम्मको फिराद दाबी पुग्न सक्तैन **भन्ने सुरु काठमाडौं जिल्ला अदालतको मिति २०७३।३।६ गतेको फैसला।**

१४. पितृत्वको पत्ता नलगाई एकतर्फी रुपमा वादीका साक्षीहरुको अप्रमाणित कथन प्रमाणलाई नाताको अकाट्य प्रमाणको रुपमा ग्रहण गरी भएको फैसला बदरभागी छ। प्रत्यर्थी प्रतिवादीहरु नाता सम्बन्ध, अंशियार नरहेकोमा अंशियार ठहर्‍याई अंश पाउने ठहर गरेको छ। कि.नं. ३५८ को घरजग्गा प्रतिवादी शशी पराजुलीको दाइजोको सम्पत्ति रहेको स्त्री अंशधनको १, ४, ५ नं. बमोजिम आफूखुसी गर्न पाउनेमा सो सम्पतिबाट वादी मध्येका राहुल पराजुलीले ५ भागको १ भाग र अन्य सम्पत्तिसमेत बण्डा लाग्ने गरी भएको सुरु फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत बेहोराको **प्रतिवादी नवराज पराजुली र शशी पराजुलीको पुनरावेदनपत्र।**

१५. तायदाती फाँटवारीमा उल्लेख भएका सम्पूर्ण घरजग्गाहरु सबै अंशियारलाई बण्डा लाग्नु पर्नेमा विपक्षी शशी उप्रेतीको नामको घरजग्गाबाट वादी तुलसा पराजुलीले अंश नपाउने गरी

भएको फैसला मिलेको छैन। शशी पराजुली नाम दर्ताको कि.नं. ३५८ को घरजग्गा सगोलको घरजग्गा रहेकोमा सबैलाई बण्डा लाग्ने हो। मेरो अंश हक मार्न जालसाजीपूर्ण तरिकाले मेरा पति नवराज पराजुली साक्षी बसी चन्द्र महर्जनबाट सरस्वती उप्रेतीका नाममा खरिद गरी सोही दिन शशी उप्रेतीलाई हालैदेखिको बकसपत्र गराई लिएको छ। विपक्षीको दाता आमाको बकस दिने आर्थिक हैसियत छैन। उक्त जग्गा सगोलमा रहँदा खरिद गरेको हो। बकस पाएकै आधारमा मैले अंश नपाउने होइन। हालैदेखिको बकसपत्रबाट प्राप्त भएको भनी निजी ठहऱ्याई घर सम्बन्धमा कुनै प्रमाण नबुझी उक्त घरजग्गाबाट मैले अंश नपाउने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत बेहोराको **वादी राहुल पराजुली र तुलसा बस्नेत पराजुलीको पुनरावेदनपत्र।**

१६. यसमा वादी राहुल पराजुली र प्रतिवादी नवराज पराजुली दुवै पक्षको पुनरावेदन परेको देखिँदा अ.बं. २०२ नं. प्रयोजनार्थ दुवै पुनरावेदन एक अर्कोलाई देखाई सुनाई सुनी पाएको कागज गराई मिसिल सामेल गर्नू र पुनरावेदन नगर्ने प्रतिवादीहरुलाई छलफलको लागि मुलुकी ऐन, अ.बं. २०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६४ एवं ११२ नं. बमोजिम प्रत्यर्थी झिकाई उपस्थित वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेस गर्नू भन्ने उच्च **अदालत पाटनको मिति २०७४।२।१८ को आदेश।**

१७. प्रतिवादी नवराज पराजुली वादी तुलसा बस्नेत पराजुलीको श्रीमान र राहुल पराजुली छोरा रहे भएको देखियो। DNA परीक्षण गरिरहनु पर्ने अवस्था देखिएन। र.नं. १९६०ख मिति २०६७।१०।०३ को अंशबण्डाको लिखतबाट प्रतिवादीहरु भगवती पराजुली, प्रल्हाद पराजुली र प्रकाश पराजुलीसँग नवराज पराजुली छुट्टिभिन्न भैसकेको देखिँदा वादीहरु नवराज पराजुलीतर्फका हाँगाका अंशियार रहेको देखियो। प्रतिवादी नवराज पराजुलीकी अर्की श्रीमती शशी पराजुलीतर्फ ३ छोराहरुको जायजन्म भएको भन्ने देखिँदा वादी प्रतिवादी ७ अंशियार रहेको र वादीहरुले प्रतिवादीहरुबाट अंश पाउने देखियो। वादीहरु अंशियार नभएको र अंश दिनुपर्ने होइन भन्ने प्रतिवादीहरुको पुनरावेदन जिकिर र सगोलको सम्पत्तिबाट खरिद गरेकोले शशी उप्रेती पराजुलीको नाउँको कि.नं. ३५८ को जग्गाबाट आफूलेसमेत अंश पाउनु पर्ने भन्ने वादीको पुनरावेदन जिकिर कानूनसम्मत देखिएन। तसर्थ, सुरु काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।०३।०६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने

ठहर्छ। वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन **भन्ने उच्च अदालत पाटनबाट मिति २०७५।०३।३१ मा भएको फैसला।**

१८. विपक्षी राहुल आफ्नो छोरा नभएको, मेरो श्रीमान नवराज पराजुलीले DNA परीक्षणको माग गर्नुभएको छ। अदालतबाट भएको फैसलालाई मान्दाको अवस्थामा विपक्षी राहुल पराजुली मेरो सौताका छोरा हुन्। मैले आफूखुश गर्न पाउने आमा सरस्वती उप्रेतीबाट मिति २०६५।३।२५ मा र.नं. ३८४९ख बाट हालैदेखिको बकसपत्रबाट पाएको कि.नं ३५८ को जग्गा विपक्षीलाई अंश दिन म बाध्य नहुने भनी प्रतिउत्तरमा र पुनरावेदनमा समेत जिकिर लिएको छु। बकस पाएको जग्गा मुलुकी ऐन, स्त्री अंशधनको महलको ४/५ नं. बमोजिम महिलाले आफूखुश गर्न पाउने सम्पत्ति भएको कुरामा विवाद हुन सक्दैन। मेरा नाम दर्ताको दिव्यश्वरी गा.वि.स. वडा नं. ५(ख) को कि.नं. ३१८ को जग्गा मैले मेरो दाइजो पेवाको रकमबाट खरिद गरेको र ऐ. वडा नं. ७ख को कि.नं. २०७ र २४२ को जग्गा दाइजोको जग्गा सहकारी संस्थामा धितो राखी लिएको ऋणले खरिद गरेको हुँ। उक्त जग्गासमेत बण्डा लाग्ने गरी भएको फैसलालाई सदर गरेको उच्च अदालतको फैसला त्रुटिपूर्ण छ। आमाबाबुका नाममा जुनसुकै स्रोतबाट प्राप्त भएको भए पनि त्यस्तो सम्पत्ति छोराछोरीको लागि बण्डा लाग्ने हुन्छ भने पनि सौतेनी छोराको हकमा लागू हुन सक्दैन र सौतेनी छोराको हकमा पनि छोराछोरी सरह पैत्रिक हुने भनी अदालतबाट व्याख्या भएको छैन। यदि सबै प्रकारका सम्पत्तिमा सबैको (सौतेनी छोराको पनि) हक लाग्ने अर्थ गर्ने हो भने तत्कालीन मुलुकी ऐन, स्त्री अंशधनको महलको ४ र ५ नं. र अंशबण्डाको महलको १८ नं. समेत निस्क्रिय र निष्प्रयोजित हुन जाने देखिन्छ। आफूखुश गर्न पाउने सम्पत्ति विपक्षी सौतनी छोराको हकमा बण्डायोग्य हुन सक्दैन। उक्त जग्गा दृष्टिबन्धक पास गरेर हामीले घरव्यवहार सञ्चालनका लागि ६० लाख सावाँ रकम ऋण लिएको अवस्था छ। विपक्षीहरूले अंश मुद्दा दायर गर्नुपूर्व र अदालतबाट मानो छुट्टिएको मिति कायम गर्नुपूर्व नै ऋण लिएको सो ऋण विपक्षीले व्यहोर्नु नपर्ने गरी विपक्षी राहुल पराजुलीका हकमा लगाउको धितोबन्धक लिखत बदर र जालसाज मुद्दामा फैसला भएको छ। एकातिर मेरी आमाले दिएको बकसपत्रको जग्गामा विपक्षीको पनि अंश लाग्ने भन्ने अर्कातर्फ त्यही जग्गा धितो राखेर लिएको ऋणको हकमा धितो बन्धक र जालसाजी ठहर्ने गरी भएको फैसला

मिलेको छैन। बकस पाएको कुरा प्रमाणित भएपछि अन्य पैत्रिक सम्पत्तिमा हक रहेकै कारणले सो स्त्री अंशधनको सम्पत्तिमा समेत विपक्षीको हक रहन्छ भन्ने अर्थ गर्दा महिलाको साम्पत्तिक हकलाई संकुचित गर्दछ। मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरी उच्च अदालतबाट भएको फैसला बदर गरी मैले बकस पाएको तथा आफूखुश गर्न पाउने सम्पत्तिको हकमा विपक्षीको फिराद दाबी नपुग्ने निर्णय गरिपाउँ भन्ने **प्रतिवादी शशी पराजुली उप्रेतीको तर्फबाट यस अदालतमा परेको दोहोर्‍याई पाउँ निवेदन।**

१९. मैले DNA परीक्षण गराई पाउने मागदाबी गरेकोमा डि.एन.ए.तर्फ कुनै कारबाही नै नगरी फैसला भएको छ। कसैले दिएको मौखिक बयान र पछिबाट सृजना गर्न सकिने प्रमाण भन्दा DNA वैज्ञानिक अकाट्य ग्रहणयोग्य प्रमाण हो, त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगन्जको, Birth Certificate बाट नवराज पराजुलीकी श्रीमती तुलसा पराजुलीबाट पुरुष बच्चाको मिति २०५५।१।२७ मा जन्म भएको उल्लेख भए पनि उक्त प्रमाणपत्रमा उल्लिखित नवराज पराजुली म पुनरावेदक नै भएको खुल्दैन। विपक्षी तुलसा बस्नेत मेरी पत्नी भएको र विपक्षी राहुल मेरो छोरा भएको भए विपक्षी तुलसालाई प्रसूति हुने समयमा मैले अस्पताल पुर्‍याएको वा डिस्चार्ज हुने बेलामा अस्पतालमा मैले सही गरेको हुनुपर्ने हो। वादीले आफूखुशी जन्मदर्ता प्रमाणपत्रमा नवराज पराजुली लेखी दिँदैमा मेरो निजसँग कुनै नाता सम्बन्ध प्रमाणित हुँदैन, बुझिएकी मेनुका सापकोटाको वि.सं. २०५४/०५५ तिर काठमाडौं महानगरपालिका वडा नं. ७ मा घर रहे वा नरहेको सम्बन्धमा कुनै प्रमाण पेस भएको छैन। निजको बकपत्र सत्य नै हो भनी मान्न मिल्दैन। प्रसूतिको समयमा विपक्षी तुलसा बस्नेतलाई अस्पताल लगेको र बच्चा जन्मेपछि फुपुले लगेर गएको उल्लेख गरे पनि सो कार्यमा म किन संलग्न हुन सकिन भनी खुलाउन सकेको छैन। बच्चाको जन्मको प्रमाणपत्र र नेपाल सरकार, शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा भरिने रजिष्ट्रेशन फाराम वादीले एकतर्फी रुपमा भरेको, उक्त फारामहरुमा उल्लिखित नवराज पराजुली म होइन। वादीहरु मेरो कुनै चिनजान र नाता सम्बन्धका व्यक्तिसमेत होइनन्। रजिष्ट्रेशन फारामको पिताको नाउँमा नवराज पराजुली उल्लेख हुँदैमा उक्त व्यक्ति म नै रहेको भनी निष्कर्षमा पुग्न मिल्दैन। मेरो संलग्नता बिना निर्माण गर्न सक्ने प्रकृतिको लिखत मेरो विरुद्धमा प्रमाणमा लिन मिल्ने होइन। कदाचित वादी तुलसा बस्नेत र म

प्रतिवादी नवराज पराजुलीबिच लोग्ने स्वास्नीको सम्बन्ध कायम हुने नै अवस्था आएमा पनि मेरी पत्नी शशी पराजुलीको नामको कि.नं. ३५८ को जग्गा आफ्नी आमा सरस्वती उप्रेतीबाट हालैदेखिको बकसपत्रबाट प्राप्त गरेको हुँदा मुलुकी ऐन, अंशबण्डाको १८ नं. बमोजिम निजी भई आफूखुशी गर्न पाउने सम्पत्ति भएकोले उक्त सम्पत्ति मेरा ३ भाइ छोराहरु बाहेक अरुको लागि बण्डा योग्य सम्पत्ति होइन। बाबुआमाको नाममा जुनसुकै स्रोतबाट प्राप्त हुन आएको सम्पत्ति छोराछोरीको लागि पैत्रिक सरह मानिन सक्ला तर वादी राहुल पराजुली मेरी पत्नी शशी पराजुलीको सन्तान नभएको, वादी तुलसा बस्नेत र मेरो बिचमा लोग्ने स्वास्नीको नाता कायम हुने भएमा म पिताले नै उक्त सम्पत्ति प्राप्त गर्न नसक्ने हुँदा वादी राहुल बस्नेतको पैत्रिक सम्पत्ति हुनै सक्दैन। उच्च अदालत पाटनको फैसला नमिलेकोले दोहोऱ्याई हेरी वादीको दाबी नपुग्ने गरी फैसला गरिपाउँ भन्ने **प्रतिवादी नवराज पराजुलीको तर्फबाट यस अदालतमा परेको दोहोऱ्याई पाउँ निवेदन।**

२०. यसमा शशी पराजुली उप्रेतीले माइती (आमा) बाट हालैको बकसपत्रको माध्यमबाट प्राप्त गरेको सम्पत्ति निजको स्त्री अंशधन अन्तर्गतको आफूखुसी गर्न पाउने सम्पत्ति हो वा त्यस प्रकारको सम्पत्तिमा सौतेनी छोराको समेत अंशहक रहन्छ भन्ने सम्बन्धी कानून व्याख्याको महत्वपूर्ण प्रश्न उपस्थित भएको देखिँदा सो प्रश्नको विवेचना नगरी भएको उच्च अदालत पाटनको मिति २०७५।३।३१ को फैसलामा त्रुटि देखिँदा न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१)(क) बमोजिम प्रस्तुत मुद्दा दोहोऱ्याइ हेर्न अनुमति प्रदान गरिएको छ भन्ने **मिति २०७५।१०।६ मा यस अदालतबाट भएको आदेश।**

२१. यसमा प्रस्तुत मुद्दाको प्रकृति र सन्निहित कानूनी प्रश्नलाई दृष्टिगत गर्दा दुबै पक्षका कानून व्यवसायीबाट बहसनोट पेस गर्न लगाउनु भनी भएको आदेशबमोजिम वादी प्रतिवादी दुबै पक्षका तर्फबाट लिखित बहस नोट पेस भई मिसिल सामेल रहेको।

२२. प्रस्तुत मुद्दामा सुरु काठमाडौं जिल्ला अदालत र उच्च अदालत पाटनबाट भएको फैसलामा आमाबाबुका नाममा जुनसुकै स्रोतबाट सम्पत्ति प्राप्त भएको भए पनि त्यस्तो सम्पत्ति छोराछोरीको लागि बण्डा लाग्ने हुन्छ भन्ने सन्दर्भलाई उल्लेख गर्दै प्रतिवादी शशी पराजुलीले आफ्नी माइती आमाबाट पाएको कि.नं. ३५८ को जग्गामा वादी सौतेनी छोरा राहुल पराजुली समेतको अंश हक लाग्ने गरी ठहर भएको पाइन्छ। यसरी आमाबाबुको

नाममा जुनसुकै स्रोतबाट प्राप्त भएको सम्पत्ति भए पनि त्यस्तो सम्पत्तिमा छोराछोरीलाई बण्डा लाग्छ भन्ने व्याख्या तथा प्रतिपादित सिद्धान्त अन्तर्गत प्रस्तुत मुद्दामा प्रतिवादी शशी पराजुलीले निजको आमा तथा माइतीबाट पाएको स्त्री अंशधनको सम्पत्तिमा वादी सौतेनी छोरा राहुल पराजुली समेतले अंश पाउने ठहर गर्दा मुलुकी ऐन, स्त्री अंशधनको १ नं., ४ नं., ५ नं. र अंशबण्डाको १८ नं. को कानूनी व्यवस्था निष्प्रभावी तथा निस्तेज हुने नहुने भन्ने जटिल कानूनी प्रश्न सन्निहित हुन पुगी कानूनी व्याख्या गर्नुपर्ने भएकाले सो कानूनी प्रश्नको निरुपण पूर्ण इजलासबाट हुन उपयुक्त देखिँदा प्रस्तुत मुद्दा र यसैसँग लगाउमा भई अन्तरप्रभावी रहेको मुद्दा नं. ०७६-CI-०५८९, ०७५-CI-०६८४, ०७५- CR-१६१६, ०७६-CI-०५९० र ०७६-CR-१५४० समेतको जालसाजी, धितो बन्धक लिखत बदरसमेतको मुद्दाको लगत संयुक्त इजलासबाट कट्टा हुने गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम पूर्ण इजलासमा नियमानुसार गरी पेस गर्नुहोला **भन्ने मिति २०७८।९।३० मा यस अदालतबाट भएको आदेश।**

## यस अदालतको ठहर

२३. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल संलग्न कागजातहरुको अध्ययन गरियो।

२४. पुनरावेदक प्रतिवादी शशी पराजुलीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शतिसकृष्ण खरेल, श्री हरिप्रसाद उप्रेती र श्री केदारप्रसाद दाहाल तथा विद्वान् अधिवक्ताहरु श्री नारायण पराजुली, श्री अन्जु उप्रेती फुयाँल र श्री श्यामकुमार विश्वकर्माले प्रतिवादी शशी पराजुली नाम दर्ताको कि.नं ३५८ को जग्गा प्रतिवादीले आफ्नी आमाबाट बकसपत्र पाएको भन्ने तथ्यमा विवाद छैन। बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति मुलुकी ऐन, स्त्री अंशधनको महलको ४, ५ नं. बमोजिम महिलाले आफूखुसी गर्न पाउने हुन्छ। बकसपत्रबाट प्राप्त भएको स्त्री अंशधनको सम्पत्तिमा सौतापट्टिका छोराले अंश पाउन सक्दैन। फिरादपत्रमा प्रतिवादी नवराज पराजुलीसँग प्रेम सम्बन्ध भई मिति २०५५।१।२७ मा वादी राहुल पराजुलीको जन्म भएको, १ वर्ष ६ महिनासँगै बसी त्यसपछि माइती मामलीको संरक्षणमा रहेको उल्लेख छ। फिराद कथनले नै पति नवराज पराजुलीले वादीहरुलाई घरबाट निकालेको नभई फिरादीहरु आफैंले प्रतिवादी नवराज पराजुलीलाई त्याग गरी अर्को

पारिवारिक संरचना खडा गरेको भन्ने देखिएको छ। वादीहरुले प्रतिवादी नवराज पराजुलीलाई त्याग गरिसकेपछि मात्र प्रतिवादी शशी पराजुलीसँग विवाह भएको भन्ने देखिएको छ।

२५. छुट्टै पारिवारिक संरचना कायम भएपछि स्वभाविक रुपमा खानपिन चुल्हो, मानो फरकफरक हुन्छ। वादीहरुले नवराज पराजुलीलाई पति, पिता मानी अंश मुद्दाको फिराद गर्दा प्रतिवादी शशी पराजुलीले आमाबाट बकस पाएको सम्पत्ति बण्डा गर्न मिल्दैन। यसमा जैविक पिता एक रहेको र आमाहरु फरक फरक रहेको अवस्था छ। सन्तानहरुको जैविक पिता एक हुन सक्ने भए पनि मातृ उदर फरकफरक रहने भएकोले सौताबाट जन्मेको सन्तान अर्को सौताको जैविक सन्तान हुन सक्दैन। आमा भन्ने शब्दले प्राकृतिक आमालाई मात्र जनाउछ। सौतेनी आमा फरक हो। कानूनमा पतिको जुनसुकै पत्नीबाट जन्मेको सन्तान पनि सबै सौताको सन्तान हो भनेको छैन। आफ्नी छोरीको हित र भलाईको लागि आमाले एकलौटी हकभोगमा रहने गरी बकस गरिदिएको अवस्थामा सौताका छोरा वादी राहुल पराजुलीले अंश पाउन सक्ने अवस्था नभएको हुँदा सौतेनी छोराले बण्डा पाउने ठहर्‍याएको फैसला मिलेको छैन। प्रतिवादी शशी पराजुलीले आमाबाट बकस पाएको सम्पत्ति निजका पति नवराज पराजुलीलाई समेत बण्डा लाग्न नसक्ने हुँदा निजबाट जन्मेका छोरा वादी राहुल पराजुलीको हकमा पैत्रिक हुन सक्दैन। वादी राहुल पराजुलीको पैत्रिक हुनाको लागि निजका बाबु प्रतिवादी नवराज पराजुलीको नाममा सम्पत्ति रहेको वा कानूनको परिचालनबाट बाबुको हक हुन आएको हुनुपर्छ। मुलुकी ऐन, स्त्री अंशधनको ४, ५ नं. र अंशबण्डाको १८ नं. बमोजिम उक्त सम्पत्ति निजी आर्जनको सम्पति रहेकोले अन्य अंशियारमा बण्डा लाग्न सक्दैन। बकसपत्रबाट पाएको सम्पत्ति बाहेक पनि वादी राहुल पराजुलीले अंश पाउने अन्य सम्पत्ति रहेको भन्ने तायदाती फाँटवारीबाट देखिएको छ। वादी निरअंशी हुने अवस्था छैन। बकसबाट पाएको सम्पत्ति सौतेनी छोरालाई बण्डा लगाएको फैसला बदर गरी उल्लिखित जग्गा निजी ठहर गरिपाउँ भन्ने लिखित बहसनोट पेस गरी सोहीबमोजिम गर्नुभएको बहससमेत सुनियो।

२६. पुनरावेदक प्रतिवादी नवराज पराजुलीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शिवप्रसाद कोइरालाले मेरो पक्षले प्रतिउत्तर गर्दा, पुनरावेदन गर्दा र मुद्दा दोहोर्‍याई हेर्ने निवेदन

दिंदासमेत फिरादीहरु तुलसा बस्नेत र राहुल बस्नेत आफ्नी पत्नी र छोरा होइनन् भनी जिकिर लिएको छ। कसैको जैविक (Biological) नाता प्रमाणित वा खण्डित गर्ने सबभन्दा भरपर्दो, बलियो र अकाट्य प्रमाण भनेको DNA परीक्षण नै हो। DNA तर्फ प्रमाण नै बुझिएको छैन। एकातर्फी रुपमा बनाउन सक्ने कागजी प्रमाण र मौखिक प्रमाणलाई आधार मानी वादीहरु मेरो पक्ष नवराज पराजुलीका पत्नी र छोरा भएको मानी अंशियार भनी अंश दिने गरी फैसला भएको छ। विपक्षी वादीहरुले मेरो पक्ष नवराज पराजुलीलाई पति पिता कायम गर्नको लागि प्रहरी लगाई धरपकड गराउने अवस्था सिर्जना गरेपछि मेरो पक्षले पुनरावेदन अदालत पाटनमा ०७२-WO-०९०५ को निषेधाज्ञा निवेदन दिएकोमा निवेदनमा अन्तरिम आदेश जारी भै कायम रहेको अवस्थामा वादीहरुले प्रहरी लगाई मेरो पक्षलाई पक्राउ गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट नागरिकताको कागजमा सनाखत गराई नागरिकता प्राप्त गरेका छन्। नागरिकता प्राप्त गरेकै आधारमा उक्त निवेदन खारेज भएको छ। सुरु जिल्ला अदालतमा बुझिएकी मेनका सापकोटाले निजको घरमा मेरो पक्ष र वादी तुलसा बस्नेत डेरा गरी बसेको, वादी तुलसा बस्नेतको प्रसूतिको समयमा निज आफैंले अस्पताल पुऱ्याएको भनी बकपत्र गरे पनि उक्त समय र स्थानमा निजको घर रहेको र के कारणले कसरी निजले अस्पताल पुऱ्याउनु पर्ने अवस्था सिर्जना भयो खुलेको छैन। वादीहरुले पेस गरेको जन्म दर्ताको प्रमाणपत्र र परीक्षाको लागि भरेको फाराममा उल्लिखित नाम नवराज पराजुली मेरो पक्षकै हो भन्ने कुरा शंकारहित तरिकाले पुष्टि हुने पर्नेमा सो पुष्टि भएको छैन। नाम मिलेकै आधारमा नाता कायम गर्न मिल्दैन, उल्लिखित नाम प्रतिवादीको नामसँग संयोगले मिल्न गएको हो। वादीहरुसँग मेरो पक्षको कुनै नाता सम्बन्ध नै नरहेको अवस्थामा मेरो पक्षलाई वादीहरुको पति, पिता रहेको भनी अंश पाउने ठहऱ्याएको फैसला मिलेको छैन। कदाचित वादी तुलसा बस्नेत र मेरो पक्ष प्रतिवादी नवराज पराजुलीबिच लोग्ने स्वास्नीको सम्बन्ध कायम हुने नै अवस्था आएमा पनि मेरो पक्षकी अर्को पत्नी शशी पराजुलीको नामको कि.नं. ३५८ को जग्गा आफ्नी आमा सरस्वती उप्रेतीबाट र.नं. ३८४९ख बाट मिति २०६५।३।२५ मा हालैदेखिको बकसपत्रबाट प्राप्त गरेकोले मुलुकी ऐन, अंशबण्डाको १८ नं. बमोजिम आफ्नो पालामा आर्जेको आफूखुसी गर्न पाउने देखिएको उक्त सम्पत्ति बकस पाउने शशी पराजुलीको तर्फबाट जन्मेका ३ भाइ छोराहरु बाहेक

अरुलाई बण्डा नलाग्ने हो।

२७. बाबुआमाको नाममा जुनसुकै स्रोतबाट प्राप्त हुन आएको सम्पत्ति छोराछोरीको लागि पैत्रिक सरह मानिने भए पनि वादी राहुल पराजुली मेरो पक्ष नवराज पराजुलीकी पत्नी शशी पराजुलीको सन्तान नभएको, पत्नीले माइतीबाट बकस पाएको सम्पत्ति मेरो पक्ष नवराज पराजुलीलाई समेत बण्डा लाग्न नसक्ने हुँदा बाबुले नै बण्डा पाउन नसक्ने सम्पत्ति वादी राहुल पराजुलीको हकमा पैत्रिक सम्पत्ति हुनै सक्दैन। मानो छुट्टिएको मिति कायम गरेपछि सो मिति पछाडि मेरो पक्ष नवराज पराजुलीले मिति २०७२।०४।२८ मा खरिद गरेको बा.४.प. ५२१ नं.को कार र शशी पराजुलीले मिति २०७२।०६।२१ मा खरिद गरेको बा.६९.प. ९६९६ नं.को स्कुटरसमेत बण्डा लाग्ने गरी भएको उच्च अदालतको फैसलासमेत बदर गरी प्रतिउत्तर जिकिरबमोजिम गरिपाउँ भन्ने लिखित बहसनोट पेस गरी सोही बमोजिमको बहस प्रस्तुत गर्नुभयो।

२८. प्रत्यर्थी वादी राहुल पराजुली तथा तुलसा बस्नेतका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री नरेन्द्रकुमार के.सी. र श्री जगदिशचन्द्र पाण्डे तथा विद्वान् अधिवक्ताहरु श्री विष्णुप्रसाद भुषाल, श्री गोपी शर्मा सुवेदी, श्री विष्णुनाथ कुँवर, श्री उमादेवी प्रसाई, श्री रेवतीहरि अधिकारी र श्री विष्णुकुमारी पराजुलीले छोरा भन्नाले सौतेनी छोरालाई समेत बुझ्नुपर्छ। बाबुआमा पहिलो पुस्ता र छोराछोरी दोस्रो पुस्तामा रहेको हुँदा बाबु र आमा दुबैले छोराछोरीलाई अंश दिनुपर्ने हुन्छ। अंशबण्डाको कानूनले समेत बाबुआमाको नाममा रहेको सम्पत्तिमा छोराछोरीको अंश हक सुरक्षित गरेको छ। सर्वोच्च अदालतबाट समान विवादमा ने.का.प. २०७७ अंक १ नि.नं. १०४१८ मा बाबुआमाले जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पति छोराछोरीको लागि पैत्रिक सरह हुन्छ। सौतेनी आमाले बकसपत्र, दाइजो जुनसुकै माध्यमबाट प्राप्त गरेको सम्पत्ति आफ्नो छोराछोरीलाई पैत्रिक हुने, सौतेनी तर्फबाट जन्मेका छोराछोरीको लागि नहुने भनी व्याख्या गर्न नमिल्ने भनी व्याख्या गरेको छ। लोग्ने वा बाबुआमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्ति छोराछोरी र श्रीमतीको लागि पैत्रिक सम्पत्ति मान्नु पर्ने भनी सिद्धान्त कायम भएको छ। अंशबण्डाको १८ नं. बमोजिम कुनै अंशियारले आफ्नो ज्ञान, सिप वा प्रयासबाट आर्जन गरेको वा कसैबाट निजी तवरबाट दान, बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री

अंशधनको ५ नं. बमोजिम पाएको सम्पत्तिमा सो आर्जन गर्ने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउने ठहर्छ, बण्डा गर्न कर लाग्दैन भन्ने व्यवस्था समान अंशियारहरु श्रीमान्, श्रीमती, पति, पत्नी दाजुभाइ, बुबाआमाबिच लागू हुने प्रावधान हो। कि.नं. ३५८ को जग्गा पति नवराज साक्षी बसी मिति २०६५।०९।२५ मा र.नं. ३८३४ख बाट चन्द्र महर्जनबाट सरस्वती उप्रेतीका नाममा खरिद गरी सोही दिन सरस्वती उप्रेतीबाट र.नं. ३८४९ख को हालैदेखिको बकसपत्रबाट शशी पराजुलीका नाममा आएको छ। जग्गा मात्र खरिद भएकोमा सगोलमा आएपछि घर निर्माण भएको छ। सो घर मेरो निजी आर्जनबाट निर्माण गरिएको भन्ने दाबी छैन। निजी आर्जनको सम्पत्तिमा सगोलको सम्पत्ति मिसाएमा उक्त सम्पत्ति सबै अंशियारलाई बण्डा लाग्ने भनी ने.का.प. २०७५ अंक ६ नि.नं. १००३५ मा व्याख्या भइसकेको छ।

२९. ऋणको हकमा वादीहरुलाई २०५५ सालबाटै प्रतिवादी नवराज पराजुलीसमेतले घरबाट निकाला गरेकोले माइती मामलीको संरक्षणमा बसी आएको तथ्यमा विवाद छैन, वादीहरुलाई पति/पिता प्रतिवादी नवराज पराजुलीले पालनपोषणसमेत नगरेको कारण मानाचामल मुद्दा परी अन्तिम भएको छ। वादीहरुको सहमति मञ्जुरी बिना ऋण लिएको, ऋण लिंदाको अवस्थामा सँगै नवसेको र ऋण लिएको कार्यमा सहमति मञ्जुरी नभएको कारण आधारबाट उक्त पारित दृष्टिबन्धक लिखत राहुल पराजुलीको हक जति ५ भागको १ भाग बदर भएको र सोही आधारमा दृष्टिबन्धकको लिखत जालसाजी घोषित भएको अवस्था छ। शशी पराजुलीको नाम दर्ताको कि.नं. ३५८ को घरजग्गा वादी मध्येका राहुल पराजुलीको हकमा बण्डा लाग्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला कानूनसम्मत रहेको हुँदा सदर कायम गरिपाउँ भन्ने लिखित बहसनोट पेस गरी सोहीबमोजिम गर्नुभएको बहससमेत सुनियो।

३०. मिसिल संलग्न कागजात हेर्दा, परिवारमा मूल ४ अंशियार रहेको, प्रतिवादी पति/पिता नवराज पराजुली तर्फसमेत ४ अंशियार रहेको, विपक्षीहरुले घरमा बस्न नसक्ने वातावरण सिर्जना गरी खान लगाउन नदिई कुटपिट गरी घरबाट निकाला गरेकोले सम्पूर्ण सम्पत्तिलाई ४ भाग लगाई पतिको अंश भागमा पर्ने १ भागलाई पुनः ४ भाग गरी सोबाट २ भाग अंश दिलाई चलन चलाई पाउँ भनी फिराद गरेको देखियो। प्रतिवादीहरुले वादीसँग नाता सम्बन्ध नै नरहेकोले अंश दिनुपर्ने होइन भनी प्रतिउत्तर गरेको देखिएको अवस्थामा प्रतिवादीहरु

भगवती पराजुली, प्रकाश पराजुली र प्रल्हाद पराजुली र.नं. १९६०ख मिति २०६७।१०।०३ मा अंशबण्डाको लिखत गरी छुट्टिभिन्न भइसकेको देखिएको, उक्त बण्डापत्रको लिखतउपर वादीहरुले कुनै उजुर नगरी स्वीकार गरी बसेको देखिन्छ। वादीहरु प्रतिवादी नवराज पराजुलीका श्रीमती छोरा नाताका अंशियार देखिएको, प्रतिवादी नवराज पराजुली र शशी पराजुली तर्फबाट ३ सन्तान छोराहरु रहेको भन्ने देखिँदा प्रतिवादी नवराज पराजुलीका ७ अंशियार रहेको देखिएकाले वादीहरुले ७ भागको २ भाग अंश पाउने ठहर्छ। प्रतिवादी शशी पराजुली नाम दर्ताको भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका वडा नं. १६ को कि.नं. ३५८ को जग्गा आफ्नी आमा सरस्वती उप्रेतीबाट र.नं. ३८४९/ख बाट मिति २०६५।३।२५ मा हालैको बकस गरी लिएको देखिँदा उक्त जग्गा निजी ज्ञान, सिप र प्रयासबाट प्राप्त भै आफूखुसी गर्न पाउने देखिँदा उक्त जग्गामा समान पुस्ताका अंशियार वादी तुलसा बस्नेत पराजुली र प्रतिवादी नवराज पराजुली समेतलाई बण्डा लाग्ने देखिएन। बाबुआमाको नाममा जुनसुकै बेहोराबाट प्राप्त भएको सम्पत्ति छोराछोरीको लागि पैत्रिक सरह हुने भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तका आधारमा उक्त कि.नं. ३५८ को घरजग्गाबाट फिरादी राहुल पराजुलीले ५ भागको १ भाग अंश पाउने ठहर्छ भन्ने सुरु जिल्ला अदालतबाट मिति २०७३।०३।०६ मा फैसला भएको देखियो।

३१. उक्त फैसलाउपर पितृत्वको पत्ता नलगाई एकतर्फी रुपमा वादीका साक्षीहरुको अप्रमाणित कथन प्रमाणलाई नाताको अकाट्य प्रमाणको रुपमा ग्रहण गरी अंशियार ठहऱ्याई अंश पाउने ठहर गरेको र कि.नं. ३५८ को घरजग्गा प्रतिवादी शशी पराजुलीको दाइजोको सम्पत्ति रही आफूखुसी गर्न पाउनेमा सो सम्पतिबाट वादी मध्येका राहुल पराजुलीले ५ भागको १ भाग र अन्य सम्पत्तिसमेत बण्डा लाग्ने गरी भएको सुरु फैसला त्रुटिपूर्ण रहेकोले बदर गरिपाउँ भन्ने प्रतिवादीहरुको तर्फबाट र प्रतिवादी शशी पराजुलीका नामको कि.नं. ३५८ को जग्गामा म वादी तुलसा बस्नेत पराजुलीलाई बण्डा नलाग्ने भनी सुरुबाट भएको फैसला नमिलेको भनी वादीहरुको तर्फबाट परेको छुट्टाछुट्टै पुनरावेदनमा सुरु जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्छ भन्ने उच्च अदालत पाटनबाट मिति २०७५।०३।३१ मा फैसला भएको देखिन्छ। सो फैसलाउपर चित्त नबुझाई प्रतिवादीहरु नवराज पराजुली र शशी पराजुलीका तर्फबाट यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी छुट्टाछुट्टै निवेदन पर्दा यस अदालतको

संयुक्त इजलासबाट मिति २०७५।१०।६ मा मुद्दा दोहोऱ्याई हेने अनुमति प्रदान भई इजलाससमक्ष पेस हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम पूर्ण इजलासमा पेस गर्नु भन्ने आदेशानुसार प्रस्तुत मुद्दा निर्णयार्थ यस इजलाससमक्ष पेस भएको देखियो।

३२. प्रतिवादी मध्येका शशी पराजुलीले आमा सरस्वती उप्रेतीबाट र.नं. ३८४९/ख बाट मिति २०६५।३।२५ मा हालैदेखिको बकसपत्रबाट लिएको साबिक दिव्येश्वरी ४क को कि.नं. २२०३ हालको मध्यपुर ठिमी नगरपालिका, वडा नं. १६ को कि.नं. ३५८ को जग्गा प्रतिवादी शशी पराजुलीको निजी आर्जनको देखिइ वादी तुलसा बस्नेत पराजुलीले बण्डा नपाउने ठहऱ्याएको सुरु जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको फैसलाउपर वादी तुलसा बस्नेत पराजुलीको पुनरावेदन परेको नदेखिँदा सोतर्फ थप विवेचना गरिरहनु परेन।

३३. पुनरावेदक प्रतिवादी मध्येका शशी पराजुलीले मुख्यतः आफ्नी आमा सरस्वती उप्रेतीबाट र.नं. ३८४९/ख बाट मिति २०६५।३।२५ मा पारित हालैदेखिको बकसपत्रको माध्यमबाट प्राप्त भएको अंशबण्डाको १८ नं. बमोजिम आफ्नो ज्ञान, सिप र प्रयासबाट आर्जन गरेको सम्पति निजी ठहर्ने र स्त्री अंशधनको ४, ५ नं. बमोजिम आफूखुसी गर्न पाउने सम्पत्ति सौतेनी पट्टिका छोरा राहुल बस्नेतलाई बण्डा दिएको उच्च अदालत पाटनबाट भएको फैसला नमिलेको भन्ने र प्रतिवादी मध्येका नवराज पराजुलीले नाता सम्बन्धमा विवाद रहेको अवस्थामा पितृत्वको पत्ता नलगाई एकतर्फी रुपमा वादीका साक्षीहरुको अप्रमाणित कथन प्रमाणलाई नाताको अकाट्य प्रमाणको रुपमा ग्रहण गरी नाता सम्बन्ध नै नभएको, अंशियार नै नरहेका व्यक्तिलाई अंशियार ठहऱ्याई अंश पाउने ठहर गरेको फैसला नमिलेको भन्ने मुख्य जिकिर लिएको देखियो।

३४. प्रतिवादीहरुले मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी दिएको निवेदनमा दोहोऱ्याई हेर्ने अनुमति प्राप्त भएपछि पुनरावेदनको रुपमा दर्ता भई पेस भएको देखिन्छ। मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान हुँदा शशी पराजुली उप्रेतीले माइती (आमा) बाट हालैको बकसपत्रको माध्यमबाट प्राप्त गरेको सम्पत्ति निजको स्त्री अंशधन अन्तर्गतको आफूखुसी गर्न पाउने सम्पत्ति हो वा त्यस प्रकारको सम्पत्तिमा सौतेनी छोराको समेत अंशहक रहन्छ भन्ने सम्बन्धी कानूनी

व्याख्याको प्रश्नको विवेचना नगरी उच्च अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण रहेको भन्ने आधारमा दोहोऱ्याई हेर्ने अनुमति भएको देखियो।

३५. उपर्युक्त बमोजिमको तथ्य र पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा दुबैतर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले गर्नुभएको बहससमेतलाई विचार गरी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नहरुको निरुपण हुनुपर्ने देखियोः-

क) पुनरावेदक प्रतिवादीमध्येका नवराज पराजुली प्रत्यर्थी वादीका पति, पिता नाताका हुन् वा होइनन्?

ख) वादीहरुले प्रतिवादीहरुबाट अंश पाउनु पर्ने हो वा होइन? अंश पाउने भएमा कुन-कुन प्रतिवादीहरुबाट के, कति अंश भाग पाउने हो?

ग) प्रतिवादी शशी पराजुलीले निजकी आमा सरस्वती उप्रेतीबाट बकसपत्र गरी प्राप्त गरेको कि.नं. ३५८ को घरजग्गा मुलुकी ऐन, स्त्री अंशधनको महल र अंशबण्डाको महलको १८ नं. बमोजिम निजले आफूखुस गर्न पाउने हो? वा वादी राहुल पराजुलीलाई समेत बण्डा लाग्ने हो?

घ) उच्च अदालत पाटनबाट मिति २०७५।०३।३१ मा भएको फैसला मिलेको छ, छैन? र पुनरावेदक प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन?

३६. अब पहिलो प्रश्न अर्थात् **पुनरावेदक प्रतिवादीमध्येका नवराज पराजुली प्रत्यर्थी वादीका पति, पिता नाताका हुन् वा होइनन्** भन्नेतर्फ विचार गर्दा, वादीले फिरादपत्रमा प्रतिवादी भगवती पराजुली हजुरआमा तथा सासु, प्रल्लाद पराजुली र प्रकाश पराजुली काका तथा देवर, शशी पराजुली उप्रेती सौतेनी आमा तथा सौता र नवराज पराजुली पति, पिता हुन् भनी नाता पुस्ता उल्लेख गरी वादी तुलसा बस्नेतको प्रतिवादी नवराज पराजुलीसँग संवत् २०५४ मा प्रेम विवाह भई मिति २०५५।१।२७ मा छोरा राहुल पराजुलीको जन्म भएकोमा प्रतिवादीले इज्जत आमद अनुसार खान लाउन नदिएकोले माना चामल र अंशसमेत दिलाई पाउँ भनी दाबी लिएको देखिन्छ। प्रतिवादीहरुले यी वादीहरु नवराज पराजुलीको श्रीमती, छोरा नाताका व्यक्ति होइनन्। निजहरुसँग नाता सम्बन्ध नै कायम हुन नसक्ने हुँदा अंश दिनुपर्ने पनि होइन भनी प्रतिउत्तर जिकिर लिएको देखिन्छ। साथै प्रतिवादीले वादी राहुल पराजुली

आफ्नो छोरा नभएकोले आनुवंशिक परीक्षण (DNA test) गरिपाउँ भन्ने जिकिरसमेत लिएको देखिए तापनि वादी राहुल पराजुलीले पेस गरेको निजको नामको जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट जारी भएको २७-०१-७३-०४६२२ को नेपाली नागरिकताको प्रमाणपत्रमा निजको बाबुको नामको महलमा नवराज पराजुली उल्लेख भएको देखिन्छ। तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको ८० नं. बमोजिम गरेको बयानमा वादीका वारेसले वादी राहुल पराजुलीको T.U. Teaching Hospital बाट 10 May 1998 मा जारी Hospital No 213854 Birth certificate No 1941055 को जन्मदर्ता प्रमाणपत्र पेस गरेको देखिन्छ। उक्त प्रमाणपत्रमा पिताको नाम नवराज पराजुली उल्लेख भएको देखिन्छ। यसैगरी निजले पेस गरेको Bridge-Water International H.S. school सिनामंगलबाट जारी CHARACTER CERTIFICATE मा पनि वादी राहुल पराजुलीको पिताको नाम नवराज पराजुली भनी उल्लेख भएको देखिएको छ। सो सम्बन्धमा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा बुझ्दा परीक्षामा सम्मिलित हुने रजिष्ट्रेशन फारामको परीक्षा नियन्त्रण कार्यालयप्रति कम्फ्युटर इन्ट्री गरी १ वर्षपश्चात् धुल्याउने प्रावधान रहे अनुसार धुल्याई सकिएको तर कम्प्युटर अभिलेखमा निजको बाबुको नाम NABARAJ PARAJULI उल्लेख भएको भनी लेखी पठाएको देखिएको छ। यसप्रकार निजले पेस गरेको नागरिकताको प्रमाणपत्र, जन्मदर्ता र विद्यालयको चारित्रिक प्रमाणपत्रमा समेत पिताको नाम नवराज पराजुली नै उल्लेख भएको स्थिति देखियो।

३७. प्रतिवादी नवराज पराजुलीले उल्लिखित प्रमाणपत्रमा उल्लेख भएको नवराज पराजुली आफू नभएको, आफ्नो नाम संयोगले मिल्न गएको र एकलौटी तयार गर्न सकिने यस्ता लिखत प्रमाण वा मौखिक भनाईलाई आधार लिई नाता सम्बन्ध कायम हुन नसक्ने भनी जिकिर लिंएको देखिए तापनि वादी, प्रतिवादी दुबै पक्षको स्थायी वतन काठमाडौं महानगरपालिका वडा नं. ३५ नै देखिएको छ। अदालतको आदेशबमोजिम मिति २०७२।०१।०३ मा स्थानीय भद्रभलादमी र सम्बन्धित वडा प्रतिनिधिको रोहवरमा भई आएको सर्जमिन मुचुल्काका स्थानीय मानिसहरुले यिनै प्रतिवादी नवराज पराजुली वादी तुलसा बस्नेत र राहुल पराजुलीको पति, पिता रहेको भनी बेहोरा लेखाएको देखिन्छ। फिरादपत्रमा वादी तुलसा बस्नेतले प्रतिवादी नवराज पराजुलीसँग विवाह गरी १ वर्ष चाबहिलमा डेरा गरी बसेको भन्ने उल्लेख गरेकोमा सुरु अदालतले निजहरु डेरा गरी बसेका भनिएका घरधनीलाई म्याद जारी

गरी बुझ्दा घरधनी मेनका सापकोटाले वादी तुलसा बस्नेत र प्रतिवादी नवराज पराजुली १ वर्ष जति आफ्नो घरको कोठा भाडामा लिई बसेको, भाडामा बसेकै अवस्थामा टिचिङ्ग हस्पिटलमा वादी राहुल पराजुलीको जन्म भएको, प्रसुतीको समयमा आफैंले अस्पताल लगेको र बच्चा जन्मिएपछि फुपुले घर लिई गएको भनी नाता सम्बन्धका विषयमा निश्चयात्मक र यकिन बयान गरेको देखिएको छ। नाता सम्बन्धका विषयमा विशेष रुपमा थाहा पाएको कुनै व्यक्तिले साक्षीको रुपमा अदालतमा आई व्यक्त गरेको कथन अन्यथा प्रमाणित नभएमा प्रमाणमा लिन मिल्छ। यस्तो कथनको प्रमाणिक महत्व रहन्छ। आफूसँग सरोकार नै नभएको वादी प्रतिवादी बिचको नाता सम्बन्धको विषयमा निजले झुट्टा बेहोरा लेखाई दिनुपर्ने कुनै कारणसमेत मिसिलबाट नदेखिँदा पनि निजको कथनलाई स्वभाविक रुपमा लिनुपर्ने देखियो।

३८. साथै, प्रतिवादीले वादी पक्षबाट दाखिला भएका माथि उल्लिखित नेपाली नागरिकताको प्रमाणपत्र, जन्मदर्ता तथा विद्यालयको प्रमाणपत्र र वादी प्रतिवादी बिचको नाता सम्बन्ध र बच्चा जन्मेको थाहा पाउने व्यक्तिको कथनलाई प्रमाण पेस गरी अन्यथा पुष्टि गर्न सकेको अवस्था पनि छैन। नगरे नभएको कुरा भए गरेको हो भनी त्यस्तो प्रमाणपत्र बनाएको भए निज प्रतिवादीले सो उपरमा उजुर गरी बदर वातिल गराउन सक्नु पर्नेमा सो गर्न सकेको देखिएन। प्रमाण ऐन, २०३१ को दफा १९ अनुसार कुनै निस्सा वा प्रमाणपत्र दिने कानूनी कर्तव्य भएका व्यक्तिले प्रचलित नेपाल कानूनबमोजिम दिएको निस्सा वा प्रमाणपत्र प्रमाणमा लिन मिल्ने नै हुँदा उल्लिखित प्रमाणपत्रहरुमा वादी राहुल पराजुलीको पिता नवराज पराजुली उल्लेख भएकोलाई प्रमाणमा लिन नहुने कुनै कारण देखिँदैन। कानूनबमोजिम स्थापित संस्थाहरुले त्यस किसिमको झुट्टा प्रमाणहरुको सिर्जना गर्नुपर्ने कुनै कारण नदेखिएकाले समेत अन्यथा खण्डित नभएसम्म त्यस्तो प्रमाण ग्रहणीय देखियो। साथै प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार कुनै खास कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्तिले नै त्यस्तो कुराको प्रमाण पुऱ्याउनु पर्नेमा प्रतिवादी नवराज पराजुलीले उल्लिखित प्रमाणपत्रमा उल्लेख भएको पिता नवराज पराजुली आफू नभएको, आफ्नो नाम संयोगले मिल्न गएको भनी लिएको जिकिर तथ्ययुक्त प्रमाण पेस गरी अन्यथा पुष्टि गर्न सकेको देखिएन।

३९. वस्तुतः प्रतिवादी नवराज पराजुलीले वादीहरु आफ्नो नाताको व्यक्ति नभएको भन्ने जिकिर लिएको देखिए तापनि निज प्रतिवादी नाता सम्बन्धको व्यक्ति नभए निजलाई नै वादीहरुको पति, पिता देखाई किन मुद्दा दायर गर्नु पर्‍यो भन्ने प्रश्न पनि विचारणीय देखिन्छ। सामान्यतः कुनै महिलाले जीवनभर आफ्नो इज्जत, प्रतिष्ठा र स्वाभिमानमा आँच आउने गरी अमुक व्यक्तिलाई लोग्ने देखाई निजको संसर्गबाट बच्चासमेत जन्मिसकेको भनी झुट्टा आरोप लगाउनु हाम्रो सामाजिक परिवेशका सन्दर्भमा समेत स्वभाविक मानिदैन। मिसिल संलग्न अन्य प्रमाण समेतबाट नाता सम्बन्ध देखिइरहेको अवस्थामा आफूलाई जबरजस्ती नाता कायम गराउन खोजेको हो भन्नेले सो कुराको ठोस प्रमाण पेस गरी तर्कसम्मत रुपमा समेत पुष्टि गराउन सक्नु पर्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले विश्वसनीय प्रमाण देखाई वादीले पेस गरेको प्रमाण खण्डन गर्न सकेको नदेखिँदा वादीहरु प्रतिवादी मध्येका नवराज पराजुलीका पत्नी र छोरा नाताका देखिन आयो।

४०. उल्लिखित तथ्य र प्रमाण विपरीत प्रतिवादीले वादी मध्येका राहुल पराजुली आफ्नो छोरा नभएकाले DNA परीक्षण गरिपाउँ भनी जिकिर लिएको देखिन्छ। कसैको जैविक (Biological) नाता स्थापित वा खण्डित गर्ने सम्बन्धमा आनुवंशिक परीक्षण (DNA) महत्वपूर्ण प्रमाण हुने भए तापनि नाता कायम भन्नासाथ DNA परीक्षण नै गराउनु पर्ने अनिवार्य हुन्छ भन्ने होइन। साथै, सो प्रमाणलाई अकाट्य र अन्तिम प्रमाणका रुपमा लिन पनि मिल्दैन। मिसिल संलग्न अन्य प्रमाणबाट नाताको प्रश्न निरुपण हुन नसकेमा मात्र सो यकिन गर्न थप प्रमाणका रुपमा DNA परीक्षण गर्न सकिने हो। तथापि मिसिल संलग्न अन्य प्रमाणबाट नै नाताको प्रश्न निरुपण हुन सक्ने अवस्था छ भने DNA परीक्षणको आवश्यकता र औचित्य रहँदैन।

४१. DNA परीक्षणको आवश्यकता र यसको प्रामाणिक महत्वका सम्बन्धमा यस अदालतले विभिन्न मुद्दामा नजिर सिद्धान्त प्रतिपादन गरेको समेत देखिन्छ। सो मध्ये देहायका मुद्दामा गरिएको देहाय बमोजिमको व्याख्या प्रस्तुत मुद्दाको सन्दर्भमा समेत आकर्षित हुने देखियोः-

क) पुनरावेदक/प्रतिवादी बुद्धु अहिर विरुद्ध प्रत्यर्थी/वादी कुल्लुर अहिर भन्ने जङ्गबहादुर अहिर भएको अंश नामसारी मुद्दा[1] **प्रमाणको श्रृंखलामा एउटा प्रमाण DNA परीक्षण पनि हुन सक्छ, तर अन्य प्रमाणहरुकै आधारमा पितृत्वको विषय यकिन गर्न सकिन्छ भने**

[1] ने.का.प. २०६६ अंक १० नि.नं. ८२५०

यो परीक्षण गराउनु पर्ने बाध्यता अदालतलाई नहुन पनि सक्ने ... पक्षले माग गर्दैमा DNA परीक्षण गराउने आदेश दिन अदालत बाध्य हुँदैन।

ख) पुनरावेदक/प्रतिवादी टेकबहादुर थापा विरुद्ध विपक्षी/वादी इन्दिरा थापा भएको अंश मुद्दामा[२] "नातामा विवाद भै अन्य सम्बद्ध प्रमाणबाट सो विवादको बारेमा निष्कर्षमा पुग्न नसकिने भएमा DNA जस्तो अत्याधुनिक परीक्षण गराई निष्कर्षमा पुग्नुलाई अस्वभाविक भन्न सकिदैन तर अन्य प्रमाणबाट नाता सम्बन्धी विवाद कायम रहेको नदेखिएमा सो परीक्षणको औचित्य अकाट्य रुपमा हुनै पर्छ भन्न नमिल्ने।"

ग) पुनरावेदक प्रतिवादी प्रकाशराज विरुद्ध प्रत्यर्थी वादी प्रदिपराज पाण्डे भएको अंश चलन[३] मुद्दामा ...देवानी मुद्दामा निर्णय गर्दा प्रमाणको प्राचुर्यता (preponderance of evidence) का आधारमा निर्णय गर्नुपर्ने भएकोले पितृत्वको निर्धारणमा पनि केवल DNA प्रमाण मात्र नहेरी मिसिल संलग्न सम्पूर्ण प्रमाणको प्राचुर्यताको आधारमा निक्यौंल गर्नुपर्ने हुन्छ। (प्रकरण ६६) डि.एन.ए. परीक्षण पक्षको मागको आधारमा नभई अदालतले तथ्यको आवश्यकताका आधारमा गर्नुपर्ने विषय भएकोले यस्तो आदेश दिनु पूर्व सो आदेशको परिणाम स्वरुप आमाको सतित्व वा इज्जतमा अनपेक्षित प्रश्न खडा हुने वा निजको मर्यादित र सम्मानपूर्वक बाँच्न पाउने हकमा दखल पुग्न जाने वा बच्चाको पितृत्वको प्रश्न अनिश्चय हुन सक्ने वा अन्य सामाजिक संरचनामा खलल पुऱ्याउन सक्ने अवस्था छ छैन भनी यस किसिमको सामाजिक तथा मानवीय पक्षतर्फसमेत उचित ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। (प्रकरण ७०)

४२. यसप्रकार नाताका सम्बन्धमा माथि विवेचित प्रमाण तथा यस अदालबाट प्रतिपादित सिद्धान्त समेतबाट हेर्दा प्रस्तुत मुद्दामा मिसिल संलग्न अन्य प्रमाणबाट नै वादी राहुल पराजुली र प्रतिवादी नवराज पराजुली बिचको बाबुछोराको नाता पुष्टि भैरहेको अवस्थामा DNA परीक्षण नगरिएको भनी नाता इन्कार गरेको प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

४३. अब दोस्रो प्रश्न अर्थात् **वादीहरुले प्रतिवादीहरुबाट अंश पाउनुपर्ने हो वा होइन? अंश पाउने भएमा कुन-कुन प्रतिवादीहरुबाट के-कति अंश भाग पाउने हो?** भन्नेतर्फ विचार गर्दा,

[२] ने.का.प. २०६६ अंक ११ नि.नं. ८२७२

[३] मुद्दा नं. ०७२-CI-१९३५, फैसला मितिः २०८०।९।२४

वादीहरुले पहिले नै अंश लिइसकेको भन्ने मिसिलबाट देखिएको छैन। वादीहरु र प्रतिवादी नवराज पराजुलीसमेत फरक फरक स्थानमा रहे बसेको भए तापनि फरक फरक स्थानमा बसेकै कारण वादीहरुले प्रतिवादीबाट पाउनु पर्ने अंश नपाउने अवस्था रहँदैन। प्रतिवादी नवराज पराजुलीले प्रत्यर्थी वादीहरुलाई इज्जत आमद अनुसार खान, लाउन दिनुपर्ने कानूनी दायित्व रहेकोमा सोबमोजिम खान, लाउन दिएको भन्ने निजहरुको जिकिरसमेत रहेको नदेखिंदा वादीहरुले प्रतिवादीबाट मागबमोजिम अंश पाउने नै देखियो।

४४. अब निजहरुले के, कुन प्रतिवादीहरुबाट के, कति अंश पाउने हो भन्ने सम्बन्धमा हेर्दा, वादीहरुले परिवारमा सासु/हजुरआमा भगवती पराजुली, पति/पिता नवराज पराजुली, देवर/काकाहरु प्रल्हाद पराजुली र प्रकाश पराजुलीसमेत मूल ४ अंशियार रहेको र पति/पितातर्फ वादीहरु र प्रतिवादी नवराज पराजुली, सौता/सौतेनी आमा शशी पराजुलीसमेत ४ अंशियार हुँदा सम्पूर्ण सम्पत्तिलाई ४ भाग लगाई पतिको भागमा पर्ने १ भागलाई पुनः ४ भाग लगाई सोबाट २ भाग अंश पाउँ भनी दाबी गरेको देखियो। तथापि प्रतिवादीमध्येका भगवती पराजुली, प्रकाश पराजुली र प्रल्हाद पराजुली र.नं. १९६०ख. मिति २०६७।१०।०३ मा बण्डापत्रको लिखत पारित गरी छुट्टिभिन्न भइसकेको र सो लिखतउपर वादीहरुको चुनौतीसमेत नहुँदा निजहरुबाट अंश पाउने अवस्था देखिएन। प्रतिवादीहरु नवराज पराजुली र शशी पराजुलीबाट ३ छोराहरुको जन्म भएको भन्ने प्रतिउत्तर जिकिर रहेको, अन्य प्रतिवादीहरुको समेत सोही बमोजिमको प्रतिउत्तर रहेको र अंशियारका सम्बन्धमा वादीहरुले विवाद गरेको नदेखिंदा प्रतिवादी नवराज पराजुलीका ७ अंशियार रहेको देखिंदा वादीहरुले ७ भागको २ भाग अंश पाउने देखियो।

४५. वादीहरुले के-कुन सम्पत्तिबाट अंश पाउने हो भनी हेर्दा, प्रतिवादी मध्येका भगवती पराजुली, प्रल्हाद पराजुली र प्रकाश पराजुली अघि नै छुट्टिभिन्न भइसकेको देखिंदा निजहरुको नामको सम्पत्ति बण्डा गर्नुपर्ने अवस्था रहेन। वादीहरुले बण्डा गर्नुपर्ने कुनै चल, अचल सम्पत्ति आफूहरुको जिम्मामा नरहेको भनी तायदाती फाँटवारी पेस गरेको देखियो। प्रतिवादी मध्येका शशी पराजुली र नवराज पराजुलीले प्रतिवादी शशी पराजुली नाम दर्ताको कि.नं. ३५८ को जग्गा आमाबाट बकसपत्र पाएको, कि.नं. ३१८ र कि.नं. २०७ माइतीबाट प्राप्त गरगहना तथा ऋण लिई खरिद गरेको भनी र प्रतिवादी नवराज पराजुली नाम दर्ताको कि.नं.

३१७ को जग्गाधनी लोकनाथ अधिकारीसँग रु.१५,००,०००।- ऋण लिई खरिद गरेको हुँदा निजी आर्जनको भई वादीहरुलाई बण्डा गर्नु नपर्ने भनी तायदाती विवरण पेस गरेको देखियो। सुरु जिल्ला अदालतबाट फैसला हुँदा कि.नं. ३५८ को हकमा प्रतिवादी शशी उप्रेतीले आमा सरस्वती उप्रेतीबाट हालैदेखिको बकसपत्रबाट प्राप्त गरी निजी आर्जनको देखिँदा वादी तुलसा बस्नेतलाई बण्डा नलाग्ने, वादी राहुल पराजुलीको हकमा बाबुआमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको भए पनि छोराछोरीको हकमा पैत्रिक सम्पति हुन जाने हुँदा उक्त घरजग्गाबाट निजले सम्म बण्डा पाउने ठहऱ्याएको फैसला उच्च अदालत पाटनबाट समेत सदर भएउपर कि.नं. ३५८ को जग्गा शशी उप्रेतीको स्त्री अंशधन अन्तर्गतको आफूखुसी गर्न पाउने निजी आर्जनको सम्पत्ति भएको र बाबुआमाले जुनसुकै स्रोतबाट पाएको सम्पत्ति छोराछोरीका लागि पैतृक हुने भए तापनि सौतेनी छोराको हकमा सो सिद्धान्त लागू नहुने भन्ने मुख्य जिकिर प्रस्तुत पुनरावेदनमा लिएको अवस्था छ।

४६. विवादको कि.नं. ३५८ को जग्गा प्रतिवादी शशी पराजुलीले आमा सरस्वती उप्रेतीबाट मिति २०६५।३।२५मा हालैको बकसपत्रबाट प्राप्त गरेको तथ्यमा विवाद भएन। स्वास्नी मानिसलाई माइती मामलीपट्टिबाट दिएको चल अचल सम्पत्ति मुलुकी ऐन, स्त्री अंशधनको महलको ४ नं. बमोजिम दाइजो ठहर्ने र ऐ.को ५ नं. बमोजिम निजले त्यस्तो सम्पत्ति आफूखुसी गर्न पाउने एवम ऐ.को १ नं. र अंशबण्डाको १८ नं.ले त्यस्तो सम्पत्ति निजी आर्जनको भई अन्य अंशियारलाई बण्डा गर्न कर नलाग्नेमा वादी राहुल पराजुलीले सो सम्पत्तिबाट समेत बण्डा पाउने ठहऱ्याएको उच्च अदालतको फैसला उल्लिखित कानूनी व्यवस्था प्रतिकूल रहेको भन्ने नै पुनरावेदकहरुको मुख्य पुनरावेदन जिकिर रहेको छ।

४७. सो सम्बन्धमा हेर्दा, तत्काल कायम रहेको मुलुकी ऐन, अंशबण्डा महलको १ नं. मा **"...अंशबण्डा गर्दा बाबुआमा लोग्ने, स्वास्नी छोरा छोरीहरुको जीयजीयैको अंश गर्नुपर्छ।"** भनी बाबु, आमा लोग्ने, स्वास्नी छोराछोरी प्रत्येकलाई अंशियार कायम गरी जीयजीयैको अंश गर्नुपर्ने भन्ने व्यवस्था गरेको देखियो। साथै, सोही महलको ३ नं.मा **"सँगै बसेका दाजुभाइ तथा दिदी बहिनीका छोराछोरीहरुमा आफ्नो-आफ्नो बाबु वा आमाको मात्र अंश हुन्छ"** भन्ने र ऐ.को २ नं. मा **"अंशबण्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ"** भन्ने कानूनी व्यवस्था देखिँदा अंश बण्डा गर्दा बाबुआमा र छोराछोरी बाहेक अन्य अंशियारका हकमा

समान पुस्ताका अंशियारहरुबिच बराबर बण्डा हुने र दोस्रो पुस्ताका अंशियार भएमा पहिले निजहरुका बाबु वा आमालाई अंश गरी निजहरुले मूल अंशियारको अंशबाट मात्र बण्डा पाउने व्यवस्था देखियो। यस स्थितिमा अंशबण्डा महलको १८ नं. मा मिति २०३४।९।२७ मा भएको सातौं संशोधनले थप गरेको निजी आर्जनको सम्पत्ति सम्बन्धी अवधारणा तथा कानूनी व्यवस्थालाई पनि फरक पुस्ताको हकमा सोहीबमोजिम हेर्नु आवश्यक देखियो। अंशबण्डाको महलको ३ नं.ले दाजुभाइ वा दिदीबहिनीका छोराछोरीहरुमा आफ्नो आफ्नो बाबु वा आमाको मात्र अंश हक हुन्छ भनी उल्लेख गरेको सन्दर्भमा ऐ.१ नं.को व्यवस्थालाई समेत बाबुआमा वा लोग्ने स्वास्नीको हकमा एउटा पुस्ता र छोराछोरीहरुको अर्को पुस्ता गरी दुई फरक पुस्ताको हकमा हेर्नुपर्ने देखियो। जस अनुसार ऐ.१८ नं.को निजी आर्जनको सम्पत्तिलाई पनि समान पुस्ताका अंशियार वा बाबुआमा, लोग्नेस्वास्नी, दाजुभाइ वा दिदीबहिनीको हकमा निजी आर्जन भई बण्डा नलाग्ने स्थिति देखिन आयो भने ऐ.३ नं.को व्यवस्थाले छोराछोरीको हकमा आफ्नो बाबुआमाले जुनसुकै स्रोतबाट आर्जन गरेको सम्पत्ति पैत्रिक हुने भई बण्डा लाग्ने अवस्था रहन्छ।

४८. यस सम्बन्धमा यस अदालतबाट पुनरावेदक प्रतिवादी साबित्री थापा विरुद्ध प्रत्यर्थी वादी पार्वती थापा भएको अंशचलन मुद्दा[4]मा **...आफू नै मुली भै अरु अंशियारलाई आफूले अंश दिनुपर्ने हुन आएको अवस्थामा मैले सो सम्पत्ति बकसबाट पाएको हो, म कसैलाई अंश दिन्न भन्न पाउने अवस्था आउदैन, बाबु वा पतिको आर्जन छोरा स्वास्नीको लागि पैत्रिक सम्पत्ति हुने। अंशबण्डाको १० नं.को कानूनी व्यवस्थाबाट लोग्ने वा बाबुआमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्ति छोराछोरी र श्रीमतीको लागि पैत्रिक सम्पत्ति मान्नुपर्ने** भन्ने कानूनी सिद्धान्त प्रतिपादन भएको समेत देखियो।

४९. यसबाट मुलुकी ऐन, अंशबण्डाको महलको १८ नं. मा उल्लेख भएको ऐ. स्त्री अंशधनको महलको ५ नं. बमोजिमको आर्जनसमेत समान पुस्ताका अंशियारका हकमासम्म निजी आर्जनको आफूखुस गर्न पाउने भई बण्डा नलाग्ने तर छोराछोरीको हकमा बण्डायोग्य नै देखिन आयो। त्यस्तो सम्पत्ति समान पुस्ताका अंशियारलाई सम्म बण्डा नलाग्ने कानूनी व्यवस्थाको मर्म देखिंदा छोराछोरी वा दोस्रो पुस्तालाई बण्डा लगाउँदा साबिक मुलुकी ऐन,

[4] ने.का.प. २०६४ अंक २ नि.नं. ७८१४

स्त्री अंशधनको महलको कानूनी व्यवस्था निस्क्रिय हुन जाने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

५०. जहाँसम्म बाबुआमाले जुनसुकै स्रोतबाट प्राप्त सम्पत्ति छोराछोरीको लागि पैत्रिक हुने भन्ने सिद्धान्त एकै हाँगाका हकमासम्म लागू हुने हो, सौतेनी आमा छोराको हकमा यो व्यवस्था आकर्षित हुन सक्दैन भन्ने पुनरावेदन जिकिर छ, त्यसतर्फ विचार गर्दा अंशबण्डा सम्बन्धी तत्काल कायम रहेको मुलुकी ऐन तथा हाल प्रचलित मुलुकी देवानी संहिता, २०७४ समेतले "आमा" वा "छोराछोरी" लाई परिभाषित गर्दा सौतेनी आमा वा सौतेनी छोरालाई बाहेक गरेको देखिँदैन। मुलुकी ऐन, अंशबण्डाको महलको १ नं., ३ नं. वा १० नं. लगायतका कानूनी व्यवस्थाले "आमा" र "सौतेनी आमा" वा "छोरा" र "सौतेनी छोरा" लाई फरक व्यवहार गरेको पनि देखिँदैन। अपितु ऐ.को १९ नं. मा एकभन्दा बढ्ता स्वास्नी वा एकभन्दा बढ्ता स्वास्नी पट्टिका छोराछोरी हुनेले मन परेका स्वास्नी छोराछोरीलाई मात्र बकस गर्न नहुने भन्ने कानूनी व्यवस्था गरी एकभन्दा बढी हाँगातर्फका छोराछोरी भएको अवस्थामा समेत एकै हाँगाका छोराछोरी सरह समान रुपले अंशबण्डा गर्नुपर्ने व्यवस्था गरेको देखिँदा कानूनले अंशबण्डाको प्रयोजनको लागि आमा वा छोराछोरीलाई र सौतेनी आमा वा सौतेनी छोराछोरीलाई समान अर्थमा लिएको भनी बुझ्नुपर्ने देखिन आयो।

५१. वस्तुतः विधायिकाले सौतेनी आमाको सम्पत्ति आ-आफ्नो हाँगातर्फ मात्र जाने परिकल्पना गरेको भए जसरी अंशबण्डा गर्दा दाजुभाइबिच बण्डा गरी दाजुभाइका छोराछोरीबिच आ-आफ्नो बाबुआमाको भागको अंश लाग्ने गरी व्यवस्था गरेको छ त्यसैगरी एकभन्दा बढी स्वास्नी भएमा निजहरुबिच अंश गरी छोराछोरीको हकमा आ-आफ्नो हाँगाको सम्पत्ति मात्र बण्डा लाग्ने गरी व्यवस्था गर्न सक्नेमा बण्डा गर्दा जियजियैको बण्डा गर्नुपर्ने व्यवस्था गरेको देखिएबाट बिमातृक सम्पत्ति सौतेनी छोराले नपाउने परिकल्पना उल्लिखित कानूनले गरेको देखिएन। कानूनले स्पष्ट अलग गरेको अवस्थामा बाहेक अंशबण्डा सम्बन्धी कानूनमा प्रयुक्त "आमा" शब्दले सौतेनी आमा समेतलाई र "छोरा" शब्दले सौतेनी छोरासमेतलाई समेटेको भनी बुझ्नुपर्ने देखिन आयो।

५२. यस सम्बन्धमा यस अदालतबाट पुनरावेदक शारदादेवी खतिवडा विरुद्ध साबित्रीदेवी खतिवडा

भएको अंश चलन मुद्दामा[५] **बाबुआमाले जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पति छोराछोरीको लागि पैत्रिक सरह हुन्छ। सौतेनी आमाले बकसपत्र दाइजो जुनसुकै माध्यमबाट प्राप्त गरेको सम्पत्ति आफ्नो छोराछोरीलाई पैत्रिक हुने, सौतेनी तर्फबाट जन्मेका छोराछोरीको लागि नहुने भनी व्याख्या गर्न नमिल्ने** भनी व्याख्या भैसकेको देखियो। उक्त व्याख्यासँग असहमत हुनुपर्ने कुनै कारण देखिन आउँदैन। कानूनले बण्डा गर्दा सबै अंशियारहरुबिच बराबर अंश पर्ने गरी जियजियैको बण्डा गर्नुपर्ने व्यवस्था गरेको र आमाछोरा वा सौतेनी आमाछोराबिच फरक नगरेको अवस्थामा स्त्री अंशधनको महल अन्तर्गत हुने सम्पत्ति आफ्नो हाँगातर्फका छोराछोरीलाई मात्र बण्डा लाग्ने सौतेनी छोराछोरीलाई बण्डा नलाग्ने भन्दा समान पुस्ताका अंशियारबिच बण्डा घटीबढी हुन गई सबै अंशियारको बराबर बण्डा गर्नुपर्ने अंशबण्डा सम्बन्धी स्वीकार्य मान्यता र कानूनी व्यवस्था समेतको विपरीत हुने देखिन्छ। मुलुकी ऐन, अंशबण्डाको महलको १० नं.मा मुख्यगरी लोग्ने वा बाबुआमाले स्वास्नी छोराछोरीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकतानुसार उचित शिक्षा दीक्षाको व्यवस्था गर्नुपर्ने वा सो नगरे अंश दिनुपर्ने कानूनी व्यवस्था गरी बाबुआमा वा अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई अंश दिनुपर्ने दायित्व निर्धारण गरेको देखिएकोमा सौतेनी छोरा पनि आफ्नो उदरको छोरा सरह पछिल्लो पुस्ताको भएको र सौतेनी आमा अघिल्लो पुस्ताको भई अंश दिनुपर्ने दायित्व देखिएको अवस्थामा त्यस्तो सम्पत्ति आफ्नो उदरतर्फको छोराले मात्रै पाउने भन्नु समान पुस्ताका अंशियारबिच बराबर बण्डा गर्नुपर्ने र अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई बण्डा दिनुपर्ने भन्नेसमेतका कानूनी व्यवस्था अनुरुप हुने देखिएन। यस स्थितिमा स्त्री अंशधन अन्तर्गतको सम्पत्ति आफ्नो उदरतर्फको छोरालाई मात्र पैतृक सरह हुने हो, सौतेनी छोराको हकमा हुन सक्दैन भनी व्याख्या गर्नु न्यायोचित तथा उल्लिखित कानूनी व्यवस्थाको मर्म र भावना अनुकूल हुने देखिएन।

५३. यस आधारबाट हेर्दा, प्रतिवादी शशी पराजुलीले निजकी आमा सरस्वती उप्रेतीबाट मिति २०६५।३।२५ मा हालैको बकसपत्रबाट प्राप्त कि.नं. ३५८ को जग्गा समान पुस्ताको अंशियार वादी तुलसा बस्नेत पराजुलीको हकमासम्म निजी आर्जन भई बण्डा नलाग्ने भए तापनि राहुल पराजुलीको हकमा शशी पराजुलीका उदरतर्फका छोराछोरी सरह समान

[५] ने.का.प. २०७७ अंक १ नि.नं. १०४१८

पुस्ताको अंशियार भई बराबर बण्डा लाग्ने अवस्था देखिंदा तदनुरुप वादी राहुल पराजुलीले समेत सो कित्ताबाट अंश पाउने ठहऱ्याएको उच्च अदालतको फैसलालाई अन्यथा मान्न मिल्ने देखिएन।

५४. साथै, पुनरावेदक प्रतिवादीले सगोलमा लिएको ऋणसमेत वादीहरुलाई बण्डा लगाउनुपर्ने ऋण बण्डा नगरेको मिलेको छैन भन्नेसमेत जिकिर लिएको अवस्था छ। सो सम्बन्धमा हेर्दा, प्रतिवादी शशी पराजुली नाम दर्ताको कि.नं. ३५८ को जग्गा मिति २०७१।२।६ मा सहकारी संस्थामा धितो राखी रु.६०,००,०००।-(साठी लाख रुपैयाँ) कर्जा लिएको देखिन्छ। तथापि उक्त कर्जा लिंदा प्रत्यर्थी वादीहरु पुनरावेदक प्रतिवादीहरुको सँगसाथमा रहेको वा उक्त ऋण वादीहरुले समेत उपभोग गरेको भन्ने न त प्रतिवादीहरुको जिकिर छ न सो तथ्य मिसिलबाट देखिन आउँछ। सगोलको ऋण सबै अंशियारहरुको बण्डा लाग्ने भन्ने कानूनी व्यवस्थाको मकसद त्यस्तो ऋण सगोलका सबै परिवारको हितमा प्रयोग गरिएको अवस्थामा सम्म हो। तर मिसिल संलग्न प्रमाण एवं तथ्यबाट परिवारको रेखदेख पालनपोषण गर्नुपर्ने मुख्य जिम्मेवारी रहेका पति पिताले अर्को घरजम गरी श्रीमती नाबालक छोरालाई इज्जत आमद अनुसार खान लाउन दिने, शिक्षा दीक्षा उपचार गराउने लगायतको जिम्मेवारीसमेत पूरा गरेको नदेखिएको र वादीहरु प्रतिवादीसँग बसोबास नै अलग गरी बसेको देखिएको अवस्थामा मानो छुट्टिएको मिति अघि लिएको कर्जा भन्ने प्राविधिक कारणले मात्र वादीहरुको पेटमा नपरेको ऋण निजहरुले समेत व्यहोर्नु पर्ने भन्नु कानूनसम्मत र न्यायोचितसमेत हुने देखिएन।

५५. अब अन्तिम प्रश्न अर्थात् उच्च अदालत पाटनबाट मिति २०७५।०३।३१ मा भएको फैसला मिलेको छ, छैन? र पुनरावेदक प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने प्रश्नतर्फ विचार गर्दा, प्रतिवादी मध्येका शशी पराजुलीले आमा सरस्वती उप्रेतीबाट हालैदेखिको बकसपत्रबाट प्राप्त कि.नं. ३५८ को जग्गा मुलुकी ऐन, स्त्री अंशधनको महलको १ नं, ४ नं. र ५ नं. तथा मुलुकी ऐन, अंशबण्डा महलको १८ नं. बमोजिम निजी आर्जनको आफूखुसी गर्न पाउने सम्पत्ति देखिएको भए तापनि सो व्यवस्था समान पुस्ताका अंशियारबिच मात्र लागू हुने र दोस्रो पुस्ताका अंशियारको हकमा उक्त सम्पत्ति पैत्रिक सरह नै बण्डा लाग्ने भएबाट उक्त कि.नं. ३५८ को घरजग्गा समान

पुस्ताका अंशियार वादी तुलसा बस्नेत पराजुली र प्रतिवादी नवराज पराजुलीलाई बण्डा नलाग्ने तर प्रतिवादी शशी पराजुलीतर्फका ३ सन्तान सरह नै वादी राहुल पराजुलीलाई समेत बण्डा लाग्ने भई ५ भागको १ भाग वादी मध्येका राहुल पराजुलीसमेतले अंश पाउने, प्रतिवादीहरुले लिएको ऋण वादीलाई बण्डा नलाग्ने र अन्य सम्पत्तिको हकमा वादीहरुले ७ भागको २ भाग अंश पाउने ठहऱ्याएको सुरु काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने देखिएन।

५६. तसर्थ, माथि विवेचित आधार, कारण कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा वादीले प्रतिवादीहरुबाट अंश पाउने ठहऱ्याएको सुरु काठमाडौं जिल्ला अदालतको मिति २०७३।०३।०६ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७५।०३।३१ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गराई मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

(नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

(बालकृष्ण ढकाल)
न्यायाधीश

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

इजलास अधिकृतः मदनप्रसाद पराजुली

कम्प्युटर अपरेटरः मन्जिता ढुंगाना

**इति संवत् २०८१ साल चैत्र २१ गते रोज ५ शुभम् ..........................................।**